# उपकार बचत तथा ऋण सहकारी संस्था लि.

## ३१ औं वार्षिक साधारण सभामा
## लेखा सुपरिवेक्षण समितिका तर्फबाट
### संयोजक श्री कान्छा भक्त घजूले प्रस्तुत गर्नु भएको
### वार्षिक प्रतिवेदन–२०८२



कान्छा भक्त घजू

सभाका सभाध्यक्ष महोदय,
संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार वर्ग,
विभिन्न उप-समितिका साथीहरु एवं
आदरणीय सदस्य महानुभावहरु,

यस उपकार बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं बार्षिक साधारण सभालाई भव्यतापूर्वक सम्पन्न गर्नका लागि यहाँ उपस्थित हुनु हुने आदरणीय सदस्य महानुभावहरुलाई हार्दिक न्यानो अभिभादन व्यक्त गर्न चाहन्छु । यस सम्मानीत ३१ औं बार्षिक साधारण सभामा संस्थाको लेखा सुपरिवेक्षण समितिको संयोजकको हैसियतले यहाँ उपस्थित भई प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ ।

हाम्रो घर दैलोमा आउँदै गरेको महान पर्व विजया दशमी, मोहनी नखः, दिपावली, स्वन्ति नखः, एवं विश्वको एक मात्र देशको नाममा चलेको सम्बत् नेपाल सम्बत् ११४६ नयाँ बर्ष छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण सदस्य महानुभावहरुको सुस्वास्थ्य, दीर्घ जीवन, उत्तरोत्तर प्रगति, सुख शान्ति एवं समृद्ध जीवनका लागि अग्रीम रुपमा मेरो व्यक्तिगत एवं संस्थाको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान २०७२ ले देशको आर्थिक विकासको लागि सहकारी सहित तीन खम्बे आर्थिक नीति अबलम्बन गरेको भए पनि सहकारी क्षेत्रको विकास र प्रवर्द्धनमा ध्यान दिन सकेको देखिदैन । केही सहकारी संस्थाहरुमा देखिएको विकृति, विसंगतिलाई देखाएर सबै सहकारी संस्थाहरुलाई नियन्त्रण गर्ने नीति लिएको देखिन्छ । देशको आर्थिक विकासको तीन खम्बा मध्ये एक, सहकारीलाई नियन्त्रण गर्ने मात्र नभई विकास र प्रवर्द्धनमा समेत ध्यान पुग्नु आवश्यक छ । हालै गठन भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सहकारी संस्थाको नियमन अनुगनका साथै सहकारी संस्था सञ्चालन गर्नका लागि शिक्षा, तालिम तथा सदस्यहरुका लागि सहकारी सम्बन्धी जानकारी दिनका लागि जानकारीमूलक, प्रवर्द्धनात्मक कार्यक्रमहरु पनि सञ्चालन गर्न आवश्यक देखिन्छ र सहकारी प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु पनि सञ्चालन हुने अपेक्षा गरेको छु ।

संस्थाको लेखा सुपरिवेक्षण समितिलाई सहकारी ऐन २०७४ को दफा ४९ को उपदफा १ (च) ले "लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरिवेक्षण सम्बन्धी बार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने" व्यवस्था गरेको छ । सोही अनुसार यस संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन आजको सम्मानीत ३१ औं साधारण सभा समक्ष पेश गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

संस्थाको यस सम्मानीत ३१ औं बार्षिक साधारण सभामा संस्थाको आ.ब. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. **अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था :**

गत बर्ष मिति २०८१ असोज ३ गते, विहिबार, संविधान दिवसका दिन संस्थाको ३० औं बार्षिक साधारण सभा सम्पन्न भएको थियो । उक्त साधारण सभाले सञ्चालक समितिको तर्फबाट संस्थाका सचिवज्यूबाट प्रस्तुत भएको बार्षिक प्रगति प्रतिवेदन तथा बार्षिक कार्यक्रम तथा कोषाध्यक्षज्यूले प्रस्तुत गर्नु भएको संस्थाको आ.ब. २०८०/०८१ को आर्थिक प्रतिवेदन र आ.ब. २०८१/०८२ को अनुमानित आय व्यय, लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत बार्षिक प्रतिवेदन र लेखा परिक्षकज्यूबाट कोषाध्यक्ष मार्फत प्रस्तुत गर्नु भएको आ.ब. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन पारित गर्दै सो सहित विभिन्न १३ वटा निर्णयहरु पारित गरेको जानकारी गराउन चाहन्छु र गत साधारण सभाबाट गरिएको अधिकाँस निर्णयहरु कार्यान्वयन गरिएको पाईन्छ ।

२. **आ.ब. २०८१/०८२ मा बसेको बैठक संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :**

संस्थाको गत आर्थिक बर्ष २०८१/०८२ मा सञ्चालक समितिको बैठक १३ पटक, लेखा सुपरिवेक्षण समितिको बैठक ३ पटक तथा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको संयुक्त बैठक १ पटक बसेको छ । गत आ.ब.मा संस्थाको उप-समितिहरुको बैठक बढीमा तीन पटक मात्र बसेको पाइयो भने ऋण उप-समितिको बैठक चौबिस पटक बसेको छ । सञ्चालक समितिको बैठकमा निर्णयहरु सर्वसम्मन पारित गरेको र पारित भएको अधिकाँस निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

३. **ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थामा लागू रहेको ऋण व्यवस्थापन नीति २०७६ बमोजिम ऋण लगानी गरेको छ । संस्थाको ऋण नीति बमोजिम बचतको दोब्बर वा पचास हजार सम्म मात्र विना धितो ऋण प्रदान गर्दै आएको देखिन्छ । सो भन्दा बढी रकममा ऋणहरु लगानी गर्दा अचल सम्पति धितो वा सदस्य जमानीमा मात्र लगानी गरेको देखियो । रू. पाँच लाखसम्म ऋण अधिकृतबाट, रू. दश लाखसम्म व्यवस्थापकबाट, रू. तीस लाखसम्मको ऋण, ऋण उप-समितिबाट स्वीकृत गर्ने गरी सञ्चालक समितिबाट अख्तियारी प्रदान गरेको र सो भन्दा बढीको ऋण सञ्चालक समितिबाट स्वीकृत गर्ने नीतिगत व्यवस्था रहेको पाईयो । साथै रु. दश लाख भन्दा बढीको ऋण माग सम्बन्धमा बाह्य धितो मूल्यांकनकर्ताबाट धितो मूल्यांकन गराउने गरेको र दश लाख भन्दा कम ऋण माग भएमा संस्थाको ऋण उप-समितिबाट धितो मूल्यांकन गर्ने गरेको पाईयो । धितोहरु मालपोत कार्यालयमा दृष्टिबन्धक पारित गरेको पाइयो । संस्थाका सञ्चालकहरु मध्ये एकै समयमा उनान्चास प्रतिशत भन्दा बढी सञ्चालकहरुले ऋण कारोबार गरेको पाइएन ।

४. **मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :**

यो संस्था, सहकारी ऐन नियम अनुसार नै सञ्चालन गरेको पाइयो । साथै नियामक निकायहरुबाट जारी गरेको सहकारी मापदण्ड तथा समय समयमा जारी भएका निर्देशनहरु पालना गर्ने प्रयास गरेको पाइयो । गत आ.ब. मा नियामक निकायहरुबाट विभिन्न समयमा विभिन्न मापदण्ड, निर्देशनहरु जारी भएका छन् । नियमन निकायहरु नेपाल राष्ट्र बैक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण र सहकारी विभागबाट विभिन्न मितिमा सहकारी संघ संस्थाहरुलाई जारी भएको मापदण्ड एवं एकीकृत निर्देशन संस्थाले पनि लागु गर्ने प्रयास गरेको छ । तोकिएको समय सिमाभित्र

पूर्ण रुपमा पालना गर्ने अपेक्षा गरेको छ । त्यसै गरी सहकारी विभागको सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आवद्ध भई आवश्यक विवरणहरु प्रविष्टी गर्ने कार्य भएको छ भने सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७४ बमोजिम संस्थाका सदस्यहरुको व्यक्तिगत विवरणहरु अध्यावधिक गर्ने कार्य निरन्तर भई रहेको र कारोबार सम्बन्धी प्रतिवेदनहरु सम्बन्धित निकायहरुमा पठाउने गरेको पाइयो ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :**

गत आर्थिक बर्ष २०८१/०८२ मा स्थानीय सरकार, मध्यपुर थिमि नगरपालिका, सहकारी शाखाबाट यस संस्थाको अनुगमन गर्नु भएको व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :**

संस्थाका अध्यक्षले यातायात तथा सञ्चार भत्ता लिएको, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति र उप–समितिका अन्य पदाधिकारीहरुले बैठक भत्ता बाहेक अन्य भत्ता तथा सुविधा लिएको छैन ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

संस्थाले साधारण सभाबाट प्रत्यायोजित अख्तियारी बमोजिम सञ्चालक समितिले मानव शंसाधन नीति बनाई लागू गरेको छ । मानव संशाधन नीतिलाई समय सापेक्ष परिमार्जन गर्ने गरेको पाइयो । संस्थाका सबै कर्मचारीहरुलाई मानव शंसाधन नीति बमोजिम नियुक्ति पत्र प्रदान गरेको र जिम्मेवारी प्रदान गरेको पाईन्छ ।

कार्यरत कर्मचारीबीच नीति बमोजिम जिम्मेवारी बाँडफाँड गर्ने गरेको पाईन्छ । संस्थामा लागू रहेको मानव शंसाधन नीतिमा तोके बमोजिम योग्यता व्यवस्थापन प्रमुख र अन्य कर्मचारीहरुमा रहेको छ । संस्थामा कार्यरत कार्यालय सहायक (बजार प्रतिनिधि) पुनम अवालले स्वैच्छिक अवकाश लिएकोले संस्थामा हाल करार – १ र स्थायी ८ गरी जम्मा ९ जनाको व्यवस्थापन समूह कार्यरत रहेका छन् ।

**८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :**

सहकारी संस्थामा लेखा सुपरिवेक्षण समितिले संस्थाको क्रियाकलापहरुको नीतिगत, आर्थिक तथा अन्य कार्यहरुको निरिक्षण तथा अनुगमन गरी त्यस सम्बन्धमा आवश्यक सुझावहरु दिँदै आएको छ । संस्थाको गत वर्ष सम्पन्न भएको ३० औं बार्षिक साधारण सभामा पनि केही सुझावहरु राखिएको थियो । समितिले प्रस्तुत गरेको सुझावहरु कार्यान्वयन गरेको देखिन्छ ।

गत साधारण सभामा प्रस्तुत सुझावहरु अनुसार दैनिक कारोबारका लागि उपस्थित हुने सदस्यहरुका लागि पर्याप्त स्थानको व्यवस्था गर्नु पर्ने सुझाव दिएकोमा सदस्यहरुलाई दैनिक कारोबारका लागि पर्याप्त प्रकाशका साथ पर्याप्त स्थानको व्यवस्था गरेको छ । त्यस गरी सदस्यहरुलाई नियमित रुपमा शिक्षा शिविर कार्यक्रमहरु सञ्चालन गर्न दिएको सुझाव अनुसार सदस्यहरुको टोलमा नै गएर शिक्षा शिविर तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको पाइयो ।

**९. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :**

संस्थाको आर्थिक कारोबारको निरिक्षण तथा अनुगमन समितिले मात्र गर्न नसक्ने भएकोले आन्तरिक लेखा परिक्षकको व्यवस्था गर्नका लागि पनि सुझाव दिइएको थियो । त्यसै अनुसार संस्थाले गत आ.ब.मा आन्तरिक लेखा परिक्षक नियुक्त गरी आन्तरिक लेखा परिक्षण गराएको छ ।

समितिले अनुगमनको क्रममा संस्थामा भई रहेका विभिन्न गतिविधिहरु, ढुकुटीमा रहेको नगद, सञ्चालक समितिको निर्णय पुस्तिका, विभिन्न उप–समितिहरुको निर्णय पुस्तिका, ऋण लगानीका फाईलहरु, आर्थिक कारोबारका भौचरहरु लगायत अन्य गतिविधिहरुको पनि निरिक्षण अनुगमन गर्ने गरेको छ । अनुगमनका क्रममा संस्थाको आर्थिक तथा अन्य गतिविधिहरु सन्तोषजनक नै देखियो । लेखा सुपरिवेक्षण समितिले गरेको अनुगमन तथा आन्तरिक लेखा परिक्षणका क्रममा देखिएका सामान्य त्रुतिहरु र कमजोरीहरुलाई सच्याउन सुझाव दिइएको थियो । दिइएका सुझावहरु तत्काल कार्यान्वयन भएको पाइयो ।

**१०. लेखा सुपरिवेक्षण समितिका सुझावहरु :**

संस्था र सदस्यहरुको हितका लागि लेखा सुपरिवेक्षण समितिले निम्न अनुसारका सुझावहरु प्रस्तुत गरेका छन् ।

- आन्तरिक लेखा परिक्षण कार्य लागि निरन्तरता प्रदान गर्नु पर्ने ।
- संस्थाको नाममा दर्ता रहेको जग्गामा तारबार गरी सुरक्षित गर्नु पर्ने ।
- संस्थामा कार्यरत कर्मचारीहरुलाई नियमानुसार सामाजिक सुरक्षा कोषमा सहभागी गराउनु पर्ने ।

सहकारी सिद्धान्तहरु मध्ये छैठौं सिद्धान्त हो, 'स्वायत्तता र स्वतन्त्रता' । 'स्वायत्तता र स्वतन्त्रता' को नाममा अनुशासनहिन र नियम विपरितका कार्य गर्नु हुदैन । 'स्वायत्तता र स्वतन्त्रता' को अर्थ संस्थाले आफु खुशी निर्णय गर्ने, सकै प्रति कुनै जवाफदेहिता वहन गर्न नपर्ने, नियामक निकायको निर्देशनहरु पनि मान्नु नपर्ने भन्ने अर्थ लगाउनु हुदैन । सहकारी सिद्धान्त र मर्मलाई रचनात्मक रुपमा प्रयोग गरी सदस्यहरुको हित सुनिश्चित गर्नु पर्छ ।

संस्थामा सुशासन, पारदर्शिता, आर्थिक अनुशासन कायम गर्ने गराउने सम्बन्धमा लेखा सुपरिवेक्षण समितिलाई यहाँहरुको साथ र सक्रिय सहयोग प्राप्त हुने विश्वास लिएको छु । लेखा सुपरिवेक्षण समितिको तर्फबाट यस सम्मानीत ३१ औं बार्षिक साधारण सभामा प्रस्तुत भएको प्रतिवेदन सम्बन्धमा गहन छलफल गरी पारित गरी दिनु हुनेछ भन्ने अपेक्षा राख्दै यस सभा समक्ष प्रस्ताव गरेको छ ।

**धन्यवाद ! जय उपकार !! जय सहकारी !!!**